कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

फोन: ०८३ - ५२०२७६
फ्याक्स नं. ०८३ - ५२०२७६
email-redsurkhet@gmail.com
website:
www.edd.karnali.gov.np

पत्र संख्या:- ०८०/०८१
चलानी नं.:-

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मिति: २०८०/०७/१९

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८०/०७/१९

यस निर्देशनालयको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सार्वजनिक शिक्षा सुधार सम्बन्धी (शिक्षण सिकाइ सुधार र शिक्षकको पेशागत सहयोग) कार्यविधि २०८० अनुसार सार्वजनिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सुधार, शैक्षिक सामग्री सहितको बालमैत्री कक्षाकोठा व्यवस्थापन, शिक्षणमा नविनतम् प्रविधिको प्रयोग, शिक्षकको पेशागत विकासमा सहयोग गरी बालवालिकाको सिकाइ उपलब्धीमा सुधारको लागि सहयोग गर्ने कार्यक्रम रहेकोले सम्बन्धित स्थानीय तह मार्फत अगुवा विद्यालय र आफ्नो सेवा क्षेत्रभित्रका फिडर विद्यालयहरुको सिकाइ उपलब्धीमा सुधार ल्याउने प्रस्ताव सहित मिति २०८०/०७/१९ गते देखि २०८०/०८/१० गते कार्यालय समय भित्र कार्यविधिमा उल्लेख भए अनुसार स्थानीय तह मार्फत पेश हुन **"कर्णाली प्रदेश सार्वजनिक शिक्षा सुधार सम्बन्धी एक जिल्ला एक नमुना विद्यालय, भौतिक पूर्वाधार निर्माण एवं शिक्षण सिकाइ सुधार र शिक्षकको पेशागत विकास सहयोग, कार्यविधि २०८०"** को अनुसुची ७ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय वा शिक्षा विकास निर्देशनालय सुर्खेतमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

सर्तहरु

१. स्थानीय तहले शैक्षणिक स्रोत विज्ञको व्यवस्थाको सुनिश्चितता सहितको प्रतिवद्धता गरेको हुनु पर्नेछ,
२. अगुवा विद्यालय र अन्तर्गतका विद्यालयहरुको शैक्षिक सुधारको योजनालाई समेत समेट्नुपर्नेछ,
३. संघीय सरकारबाट नमूना विद्यालयको रुपमा छनौटमा परेका बाहेक अन्य विद्यालयहरुले मात्र प्रस्ताव पेश गर्न सकिनेछ,
४. स्थानीय तहले अगुवा विद्यालय छनौटका लागि सिफारिस गर्नुपूर्व विद्यालयको सम्भाव्यता अध्ययन र आवश्यक सामग्रीहरुको नक्शाङ्कन समेत गरी प्रस्ताव पेश गर्नुपर्ने,
५. स्थानीय तहबाट अगुवा विद्यालयका लागि छनौट हुने विद्यालयले कार्यविधिको अनुसूची-५ बमोजिमका शिक्षण सिकाइसँग सम्बन्धित क्रियाकलापहरु विद्यालयमा सञ्चालन गर्ने, विद्यालय व्यवस्थापन समितिको लिखित प्रतिवद्धता जाहेर गरेको हुनुपर्दछ।

नोटः विस्तृत जानकारीका लागि कार्यविधि सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेतको वेभसाइट www.mosd.karnali.gov.np र शिक्षा विकास निर्देशनालय सुर्खेतको वेभसाइट www.edd.karnali.gov.np मा राखिएको छ।

थप जानकारीका लागि सम्पर्क नम्बरः ९८५८०५१९४३, ९८६८३१०११५

दीपा हमाल
नि. निर्देशक

दीपा हमाल
नि. निर्देशक